# अरुण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## प्याउली, भोजपुर

प. सं. ०८३/८४

कोशी प्रदेश, नेपाल

**लेखा परीक्षणका लागि आशय पत्र पेश गर्ने बारे सूचना ।**

**प्रथम पटक प्रकाशित: २०८३/०५/२९**

यस गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरू एवं सामुदायिक सिकाइ केन्द्रहरुको शिक्षा नियमावली २०५९ को नियम १७१ तथा १७२ बमोजिम आ. व. २०८२/८३ को अन्तिम लेखा परीक्षण गर्नको लागि योग्यता पुगेका नेपाल चार्टड एकाउन्टेन्ट संस्था (ICAN) मा आवद्ध इच्छुक लेखापरीक्षक /फर्म/संस्थाहरुबाट तपसिल बमोजिमका आवश्यक कागजात सहित मिति २०८३/०६/१२ गते कार्यालय समयभित्र शिक्षा युवा तथा खेलकूद शाखामा नियमानुसार आशयपत्र पेश गर्नुहुन सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। रित नपुगी पेश भएका र तोकिएको म्याद नाघी आएका निवेदनलाई दर्ता गर्न नसकिने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल:**

१) सम्बन्धित लेखा परीक्षकको आवेदन
२) लेखापरीक्षकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
३) आ.व. ०८२/०८३ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
४) स्थायी लेखा नं./भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
५) नेपाल चार्टर्ड एकाउन्टेन्टस संस्थाबाट प्राप्त पेसागत प्रमाणपत्रको प्रतिलिपि
६) नेपाल चार्टर्ड एकाउन्टेन्टस संस्थाबाट प्राप्त सदस्यता प्रमाणपत्रको प्रतिलिपि
७) आ.व. २०८३/०८४ मा व्यवसाय नवीकरण निस्साको प्रतिलिपि
८) विद्यालय लेखापरीक्षण गरेको कम्तिमा ३ वर्ष अनुभवको प्रमाणपत्र प्रतिलिपि (प्रमाणपत्र नभए कुनै ३ वर्षको प्रत्येक वर्षको १/१वटा नियुक्ति पत्रको प्रतिलिपि)
९) ICAN बाट कुनै पनि कारवाही नपरेको स्वघोषणा पत्र

..............................

जितमान जिमी

प्रमुख प्रशासकीय अधिकृत